# ३०

# शिवपुरी छेउछाउका बासिन्दाबारे

**क्याथरिन एन. रेनकिन र मुना श्रेष्ठ जोशी**

काठमाडौँ उपत्यकाका काँठका मानिसहरू असमानताको जालोमा निराशापूर्ण जीवन बाँचेका छन् । शहरका बासिन्दाले उपत्यकाभित्रका वन जङ्गललाई दाउरा, पानी, घाँसपातलगायत मनोरञ्जनका लागि पनि मजाले उपयोग गर्छन् भने हुन्छ । काँठका मानिसहरूले आफ्ना शहरीया छिमेकीलाई आधुनिकता र प्रगतिको नमुनाका रूपमा हेर्छन् । काठमाडौँ, ललितपुर र भक्तपुर जस्ता शहरी जिल्लाभित्र परेका गाउँहरू भने गरिबी हटाउने राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाका आँखामा पर्न सकेका छैनन् ।

काठमाडौँ शहरदेखि उत्तरपट्टि शिवपुरी डाँडाका पाखामा यो समस्या अझ बढ्ता गम्भीर छ । काठमाडौँलाई अधिकांश मात्रामा पिउने पानी उपलब्ध गराउने वाग्मती नदीको मुहान क्षेत्र यही हो । यो जलाधार क्षेत्रलाई तीव्र विनाशबाट बचाउने उद्देश्यले सन् १९७२ मा श्री ५ को सरकारले शिवपुरी जलाधार तथा वन्यजन्तु संरक्षण आयोजना (शिजवसंआ) शुरु गर्‍यो । सो आयोजनाले वन्य सम्पदाको उपयोगमाथि प्रतिबन्ध लगायो, जुन त्यहाँका जनतामाथि कडा प्रहार थियो । त्यसपछि संयुक्त राष्ट्र सङ्घीय निकाय खाद्य तथा कृषि सङ्गठन (खाकृस)ले घाँस दाउराको वैकल्पिक उपाय र आय उपार्जनका लागि गरेको प्रयास पनि असफल भयो । आजभोलि शिवपुरीको वन-जङ्गल एउटा सरकारी परियोजनाका मातहतमा छ र त्यसले खालि शहरको सुविधा मात्र हेर्छ । काठमाडौँलाई चाहिने पानी आपूर्तिको भरपर्दो स्रोत वरिपरिका डाँडा पाखामा हुन्छ भन्ने त प्रस्टै छ । तर जसरी उपत्यकाका काँठे क्षेत्रका सम्पदाहरूलाई शहरले उपभोग गर्छ त्यसरी नै आफूले गुमाएका स्रोत-सम्पदामाथिको नियन्त्रणको आंशिक हक त्यहाँका गाउँले जनताले पाउन हुँदैन र ? र, यस्ता काँठ क्षेत्रका व्यवस्थापनका लागि गरिने प्रयास स्थानीय जनताका सहयोगबिना सफल हुन सक्छन् र ?

*हिमाल,* २०४९, पृ. ११०-११३ मा प्रकाशित ।

## आयोजना

शिवपुरी जलाधार तथा वन्यजन्तु संरक्षण आयोजनाको विवरणपत्र अनुसार आयोजनाका शुरुका उद्देश्यहरू माटोको घट्दो गुणस्तरलाई रोक्ने, काठमाडौँ र स्थानीय क्षेत्रका जनताका लागि भरपर्दो पानी आपूर्तिको व्यवस्था गर्ने र शिवपुरी क्षेत्रको प्राकृतिक वातावरणको संरक्षण गर्ने, आदि थिए । स्थानीय उपयोग र खासगरी शहरको उपभोगको लागि दाउराको ठूलो बेचबिखनले सो क्षेत्रको वन-जङ्गलको ठूलो नाश भएको थियो । वन मासिएपछि भूक्षय भयो र पानीका स्रोत पनि सुक्दै गए । यस्ता प्रकृयालाई रोक्न जङ्गलको सीमा तोक्ने र त्यसभित्रका सम्पदाको उपभोग गर्न रोक्ने नीति परियोजनाले लियो ।

शुरुमा परियोजनाले शिवपुरी शिखर वरिपरि १११ किलोमिटर लामो पर्खाल र झण्डै ११२ वर्गकिलोमिटर क्षेत्रको यो संरक्षण इलाका वरिपरि जीप चल्नसक्ने बाटो बनायो । त्यसपछि त्यहाँ शिकार गर्न, गाईबस्तु चराउन तथा घाँस दाउरा बटुल्न पूरै प्रतिबन्ध लगाइयो । आफ्ना निर्णयलाई कार्यान्वयन गर्न संरक्षित क्षेत्रका चारैतिर सेनाले पहरा दिने र नियम कानून मिच्नेलाई दण्ड जरिवाना गर्ने व्यवस्था पनि गरियो । सन् १९८३ देखि यता आयोजनाले सो क्षेत्रभित्र मानवीय अतिक्रमणलाई कम गर्न इलाकाको पर्खालभित्र परेका दुई ठूला बस्तीबाहेक सबै गाउँबाट मानिसहरूलाई बाहिर धपाउन खोजेको छ । धपाइएका परिवारहरूलाई परियोजनाले तोकेका दरमा घरबारीको क्षतिपूर्ति दिइयो । तर सो क्षतिपूर्तिमा घरगोठमा भएका ती काठको मूल्यचाहिँ कटाइयो, जसलाई उनीहरूले बाहिर लैजाने अनुमति दिएका थिए ।

स्थानीय बासिन्दाको आवश्यकताको उपेक्षा गर्न थालेको दश वर्षपछि मात्र सरकारले इन्धन-दाउराको वैकल्पिक आपूर्तिको लागि खाद्य तथा कृषि सङ्गठनको सहयोग खोज्यो । नर्वेली सहयोगमा खाकृसले सन् १९८५ मा वृक्षरोपण, सम्पदाको संरक्षण तथा आय उपार्जनमा स्थानीय जनतालाई सम्मिलित गराउने एउटा व्यापक योजना लागू गऱ्यो । सो विस्तारित योजनाले संरक्षित क्षेत्रभित्रको तथा सो क्षेत्रको पर्खाल बाहिरको सीमान्त क्षेत्रमा बस्ने दुवैथरी मानिसहरूलाई लक्षित गरेको छ । तर गाँठी कुरोचाहिँ हेर्दा राम्रा देखिने यी नीतिहरू शिवपुरी क्षेत्रका जनताका निम्ति उपयुक्त हुन सक्छन् सक्दैनन् भन्ने हो ।

## धारमा छ जिन्दगी

शिवपुरीको पर्खालभित्र रहेका दुई गाउँमध्येको एउटा मूलखर्क हो । सुन्दरीजलमा जहाँसम्म मोटरबाटो पुग्छ र जहाँनेर माथि पहाडबाट तल उपत्यकाको समथर सतहमा वाग्मती आइपुग्छ त्यहाँबाट मूलखर्क पुग्न एक घण्टा उकालो चढ्नुपर्छ ।

हुन त त्यहाँ पनि दुई-चार पसल र ट्रेकिङ लजहरू छन्, तापनि मूलरूपले मूलखर्कका जनता गाईबस्तु पाल्छन् र त्यो उच्च पहाडी, सिँचाइ सुविधाविहीन पाखोबारीमा मकै र कोदाको खेती गर्दछन् । उनीहरूले जति उब्जाउन सक्छन्

त्यसभन्दा बढ्ता उपभोग गर्ने भएकाले अन्न सकिने बेलातिर धेरैजसो परिवारका मानिसहरू आफ्नो परिवारको कम्तीमा पनि एकजनाको ज्याला-मजदुरीमा निर्वाह गर्छन्। त्यहाँ बिजुली बत्ती छैन, स्वास्थ्य चौकी पनि छैन। जम्मा चार कक्षासम्म पढ्ने स्कूल छ, त्यसभन्दा बढ्ता पढ्न केटाकेटीहरू तल सुन्दरीजल धाउँछन्। मूलखर्कमा जम्मा चारजनाले मात्र अहिले (२०४८ माघ) सम्म एसएलसी पास गरेका छन्।

मूलखर्क त काठमाडौँ जिल्लामै पर्छ। दुई घण्टासम्म चढेर पल्लापट्टि झरेपछि भने मध्य नेपालको सारै पिछडिएको एउटा जिल्ला सिन्धुपाल्चोक पुगिन्छ। बढ्ता पिछडिएकैले होला, यहाँ वन, कृषि, शिक्षा तथा परिवार नियोजनका क्षेत्रमा काम गर्ने धेरै गैरसरकारी संस्थाहरू छन्। काठमाडौँ जिल्लापट्टिको पाटोतिरको मूलखर्कले भने विभिन्न दुखेसा हुँदाहुँदै पनि यस्ता विकासे सहायता पाएको छैन। त्यहाँका गाउँलेहरू अझै यस्ता विसङ्गतिहरूबाट थिचिएकै छन्।

## मिठो पानी

शिवपुरी डाँडाका फेदीमा रहेको सुन्दरीजल भने परियोजना बाहिरको सीमान्त क्षेत्रमा पर्छ। सुन्दरीजल त्यस क्षेत्रका गाउँलेहरूको प्रशासकीय केन्द्र पनि हो; गाविसको कार्यालय त्यहीँ छ। काठमाडौँबाट त्यहाँसम्म नियमित रूपमा बस र टच्याक्सी चल्छन्, त्यहाँ एकएक ओटा स्वास्थ्य चौकी र हाइस्कूल छन्। यहाँका चालिस जनाले एसएलसी पास गरिसके, तीन जना त स्नातक पनि भइसकेका छन्। यहाँका किसानहरू तथा व्यापारीहरूको काठमाडौँको बजारसितको लेनदेन सहज छ र यहाँ रोजगारीका लागि बिजुली उत्पादन घर जस्ता प्रशस्त ठाउँहरू उपलब्ध छन्। मूलखर्कमा यी कुनै पनि कुरा छैनन्।

तुलनात्मक रूपले भाग्य राम्रै भए पनि आयोजनाले अधिग्रहण गर्दा सुन्दरीजलका बासिन्दाहरूले पनि आफ्ना घरबारी तथा गोठहरू गुमाएका छन्। गएका तीन वर्षदेखि सुन्दरीजल र मूलखर्कका गाउँलेहरूले परियोजनाको कानून मिचे, नमिचेको हेर्न सेनाका मानिसहरू आउन थालेका थिए। जङ्गलबाट दाउरा नपाएपछि मानिसलाई पहिले पहिले कुँडो बनाइने वा सोझै मलखाल्डोमा फ्याँकिने धानको भूस-पराल, गहुँ-कोदाको छ्वाली र मकैको ढोड-खोसेला आदि बाल्न कर लाग्यो।

हुन त मूलखर्क र सुन्दरीजलका प्रायः परिवारले शिवपुरीको जङ्गलबाट केही न केही दाउरा नल्याई गुजारा गर्न सक्दैनन्। कसै कसैले केटाकेटीलाई वनमा पठाउँछन्, किनभने तिनीहरू सजिलै सिपाहीका आँखा छल्न सक्छन्। अरू बेला भने मानिसहरू कि त झिसमिसे हुनुअघि नै कि साँझ झमक्क परेपछि मात्र जङ्गलमा पस्छन्। सुन्दरीजलका एकजना बासिन्दाका अनुसार परियोजनाले वनलाई पूरै बन्द गरेर जुगौँदेखि त्यस गाउँमा चलिआएको वन संरक्षणको तरिकालाई वास्तै गरेन। उनी र उनका छिमेकीहरू पहिले पहिले खालि सुकेमुकेका हाँगाबिँगा काट्थे र वन नमासियोस् भन्ने चाहन्थे, तर अहिले जहाँ जे भेट्टाए पनि लिएर आउँछन्।

घाँसपात र चरन त दुर्लभै भयो । आफ्ना जग्गामा बाह्रैमास बस्तुभाउ चराउन नमिल्ने भएकाले गाउँलेहरू बस्तुभाउलाई बँधुवा गर्न बाध्य छन् । समष्टिमा हेर्दा यसले गर्दा बस्तुभाउ र भेडाबाख्राका सङ्ख्या घटे । भूस-पराल, ढोड-खोसेला तथा बस्तुभाउको मल घट्नाले उत्पादकत्व घट्यो । एउटी गुरुङसेनी दिदीले आफ्नो खेतबारीको अन्नपात आधै घटेको बताइन् । सुन्दरीजलका आधाभन्दा बढी परिवारका मानिसहरूले आफू रासायनिक मल किन्न बाध्य भएको कुरा सुनाए ।

त्यति मात्र नभएर बँदेलहरूले अर्को समस्या थपेका छन् । राजा वीरेन्द्रलाई रुसी सरकारबाट उपहारस्वरूप दिइएका बँदेलहरू परियोजनाको शुरुशुरुताका ल्याएर यहाँ छोडियो । शिकार प्रतिबन्धित भएकोले बँदेलहरू फैलिए र गाउँले तथा तिनका खेतीपातीमाथि धावा बोल्न थाले । बँदेलले नाश पारेपछि उत्पादन घट्ने नै भयो । मूलखर्कका मानिसहरूको उजुरी सुनेपछि आफ्नै गरामा फेला पारे बँदेललाई मार्न सकिने भन्ने निर्णय परियोजनाका हाकिमहरूले गरे । तर बँदेलकै सङ्ख्यामा उचित नियन्त्रण नभइकन अरू उपाय कामलाग्ने स्थिति त्यहाँ छैन ।

यी सबै समस्याहरूले गर्दा त्यहाँ खेतीपाती गरी खान साह्रै गाह्रो भएको छ । केही गाउँलेहरू ठान्छन्, यदि तोकिएको बेलामा मात्र जङ्गलबाट चाहिँदा सामान बटुल्न पाइने कुनै व्यवस्था गरिएको भए परियोजनाको उद्देश्यमाथि आघात पुग्दैनथ्यो होला । वास्तवमा परियोजनाका प्रमुख प्राविधिक सल्लाहकार ल्यारी टेनिसनले पनि यसैलाई उचित उपाय हो भनेर आफ्नो सहमति जनाए । उनी भन्दछन्, "जबसम्म संरक्षित वनको उपयोग गाउँलेहरूले गर्न पाउँदैनन् तबसम्म उनीहरूले आफ्नो घाँस दाउराको समस्या समाधान गर्न कहिल्यै सक्ने छैनन् ।"

मूलखर्कका बासिन्दाहरूमा पूरै निराशा छ । उनीहरू कतिसम्म हायलकायल भइसकेका छन् भने "भो यो पोरजेक्टले हाम्लाई निकाल्दे पनि हुन्थ्यो" समेत भन्छन् । हुन त अहिलेसम्म उनीहरूलाई अधिग्रहणको सूचना दिइएको छैन । स्कूलका एकजना शिक्षकले भने, "यदि परियोजनाले रोपनीका २५ हजारका दरले दियो भने सबै गाउँ छाडेर हिँड्छन् ।"

अहिलेको अवस्थामा मूलखर्कका मानिसहरू यी सबै समस्याहरूबाट पार पाउन क्षतिपूर्ति पाए हुन्थ्यो भन्ठान्छन्, तर जो हटाइएका थिए तिनीहरूको अनुभव पनि उत्साहपूर्ण छैन । मूलखर्कको ठीक पश्चिमतिर सिलमती भन्ने एउटा सानो गाउँ थियो । सन् १९८३/८४ तिर सिँचाइ सुविधाहीन प्रतिरोपनी पाखोबारीको पाँच हजार मुआवजा दिएर त्यहाँका बासिन्दाहरू उठाइएका थिए । त्यतिबेला सिलमतीमा भने जग्गाको भाउ प्रतिरोपनी ८० हजार थियो । पहिला एउटा घर, एउटा गोठ र दश रोपनी जग्गा भएको बाहुन परिवार अहिले कुनै नातेदारसित साझा गरेर एउटै घरमा बसेको छ र त्यससित जम्मा एक रोपनी जग्गा छ । काठमाडौँको उप-नगरीय क्षेत्रमा सरेको एउटा परिवारको झन् दुर्दशा छ, एउटा भाडाको घरको सट्टामा उनीहरूले आठ रोपनी जग्गा गुमाए ।

ती दुवै गाउँका आइमाईहरूलाई शिवपुरी परियोजनाबाट फाइदा छ भन्ने कुरामा पत्यार छैन । प्राय:ले एकमुखले यो परियोजनाले खाली सरकारलाई मात्र फाइदा हुने कुरा दाबी गरे । दुई चारवटी महिलाहरूले मात्र नयाँ खाले तरकारी खेती गरेका थिए, एउटीले मात्र तरकारी खेतीको तालिम पाएकी थिइन् र धेरैले त्यहाँका स्थानीय विकासे कार्यकर्ताको मुखै देखेका थिएनन् । आयोजनाका बारेमा ती महिलाहरूका सबै धारणा त्यसले तिनका दैनिक जीवनमा ल्याएका गाह्रा साँगुराहरूसित गाँसिएका थिए: थोरै गाइबस्तु, अनियन्त्रित बँदेल, दाउराको अभाव, घाँसपात र रासायनिक मल आदि ।

## बित्थाका प्रयासहरू

खाकृसको आयोगले यीमध्येका केही चापलाई हटाउने प्रयास गरे तापनि गाउँलेहरूको अवस्था फेरिएको छैन । हालै, मूलखर्कका बासिन्दाले पहिलेदेखि गरिरहेको खेतीपाती सबै छाडेर खालि फलफूल खेती मात्र गर्ने प्रस्ताव गरे । उनीहरूले, फलफूल बिरुवा उपलब्ध गराउन र ती बिरुवा फल दिने नभइन्जेल खाद्यान्नको आपूर्ति व्यवस्था गर्न परियोजनालाई अनुरोध गरे ।

खाकृसले शिवपुरी क्षेत्रको पर्खालभित्रको सामुदायिक वनका लागि तीन लाख पचास हजार बेर्ना उपलब्ध गरायो । जथाभावी उपयोग गर्न रोक लगाइएको भए तापनि सो व्यवस्थापनमा आइमाईबाहेकका थोरै मात्र गाउँलेहरू सम्मिलित थिए । तर स्थिति सामूहिक योजनातिर प्रवृत्त गराउने खालको थिएन, वनपालेहरू नै दाउरा चोर्थे । मूलखर्कका एकजनाले दुखेसो गरे, "वास्तवमा सिपाहीहरू घुम्न थालेपछि मानिसहरूले सामुदायिक वनबाट निस्फीक्रिसित काठ दाउरा ल्याउन थाले । वनपालेले पनि केही गर्दैनथ्यो ।"

"खाकृसले तरकारी खेती, च्याउ खेती, मौरी पालन, फलफूल खेती, सुधारिएको चूलो र परियोजनाका नाममा ज्यामी कामको पनि शुरुआत गरायो । तर समस्याचाहिँ ज्यूँकात्यूँ रहे," गाउँलेहरू भन्छन् । कमसल खालको उत्पादन भएकाले च्याउ खेतीबाट नाफा भएन । फलफूल पनि त्यस्तै भयो । राम्ररी फलफूल खेती गरेका एक तामाङ किसानले भने, "यो फलफूल बेच्नुभन्दा त भारी बोक्न गा'भए धेरै पैसा कमाउँथ्यो होला ।" सुधारिएको भनिने चूलो पनि गरिबका घरमा ढिँडो पकाउन र छ जनाभन्दा बढी सदस्य भएका घरका लागि उपयोगी थिएन ।

ज्याला मजदुरीका काम पाउन पनि सजिलो छैन । मूलखर्कका बासिन्दाहरूले परियोजनाभित्र सडक बनाउने ठेकेदारहरूसित सम्पर्क गरे तर ती ठेकेदारहरूले जहाँ गयो उहीँबाट सबै कुल्लीहरू ल्याउँथे भनी उनीहरूले बताए ।

यी सबै कार्यक्रमहरूमा अर्कोथरीको त्रुटि पनि थियो । परियोजनाका अधिकारीहरू त्यही भएकामध्ये पनि बढी शिक्षित, उत्साही र जोखिम लिएर काम गर्न सक्ने बाहुन क्षेत्री जस्ता मानिसहरूलाई मन पराउँथे, जोसित परीक्षण गर्नका लागि घाँस दाउराका

बिरुवा लगाउने जग्गा थियो। "हामीले त खेती नै लगाउनु पर्थ्यो," सुन्दरीजलकी एउटी महिलाले भनिन्, "बिरुवा लगाए त त्यसका सेपले सबै खेतीपाती चौपट हुन्छ, अनि के खाने ?"

## अब के गर्ने

उपत्यकाको चारैतिरको प्राकृतिक सम्पदा व्यवस्थित गर्ने प्रयासमा स्थानीय जनताको पनि फाइदा अवश्य समाहित हुनुपर्दछ। वन विनाशलाई रोक्ने प्रयास स्थानीय जनताको सहमतिबिना सफल हुन सक्दैन। सुधारिएको चूलो वा तरकारी खेतीजस्ता तत्कालिक उपायहरूले शिवपुरीमा किसानहरूले प्रतिदिन बेहोर्नु परेको आधारभूत असुरक्षालाई हटाउन सक्दैनन्। उनीहरू खेतीपाती गरेर खान पनि सक्दैनन् र अन्तको जग्गा जमिनको भाउ चर्को भएकाले बसाइ सर्न पनि सक्दैनन्। आफ्नो पनि पहिले त्यहाँबाट धपाइएकाहरूको जस्तै हविगत होला भनेर उनीहरू डराउँछन्। वन सम्पदा सधैँका लागि होइन भन्ने उनीहरूले बुझेका छन्। तर अहिलेको स्थितिमा बाँच्नका लागि उनीहरूले जति पाउँछन् त्यति बटुल्नै पर्छ।

हुन त आयोजनाको उद्देश्य काठमाडौँको खानेपानीको आपूर्तिलाई सुरक्षित गर्नु मात्र भए तापनि यी माथिका बुँदाहरूलाई शिवपुरी परियोजना र त्यसका साझेदार बनेकाहरूले बुझ्नैपर्छ। यदि शिवपुरीका गाउँले जनताको राम्रो ख्याल राखिएन भने पानीको स्वाद पक्कै नमिठो हुनेछ। ♦